कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जुम्ला

## कृषि विकास कार्यक्रम संचालनका लागि सूचिकृत हुने तथा प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

<u>प्रथम पटक प्रकाशित मिति: २०८१/१०/२४</u>

कृषि विकास कार्यालय, जुम्लाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार व्यवसायिक कृषि उद्दमीहरुलाई कृषि ऋणको ब्याजमा अनुदान कार्यक्रम संचालन गर्नका लागि यस जिल्लाका कृषि व्यवसायमा ऋण परिचालन गर्ने प्रदेश स्तरिय ऋण तथा बचत सहकारी संस्थाहरुबाट प्रस्तावना पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन (२०८१/११/२३ गते) कार्यालय समयावधि भित्र यस कार्यालयमा देहाय बमोजिमका कागजात संलग्न राखी सूचिकृत हुनुका साथै प्रस्तावना पेश गर्नहुन अनुरोध छ। साथै सूचनाको अन्तिम दिन कुनै सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट कार्यालय खुल्ने दिन समेत प्रस्तावना संकलन गरिनेछ।

**कार्यक्रम सम्वन्धि थप जानकारीको लागि फोन नं. ०८७-५२००२७, सूचना अधिकारी-९८५८३६६२२७ र कार्यालयको वेबसाइड: adojumla.gov.np मार्फत जानकारी लिन सकिनेछ।**

<u>तपसिल:</u>

| क.स. | कार्यक्रम/क्रियाकलाप | न्यूनतम मापदण्डहरु |
|---|---|---|
| क) | व्यावसायिक कृषकका लागि ब्याज अनुदान कार्यक्रम (बजेट रु ३ लाख ५० हजार) | |
| १. | सहकारी सँस्था तथा बैंक मार्पत वितरण भएको ऋणको ब्याज अनुदान | ✓ संस्थाको शेयर सदस्यले ३ महिना देखि नियमित बचत गरिरहेको ।<br>✓ विगतको समयमा कारोबार गरेको भए समयमा सावा ब्याज बुझाएको ।<br>✓ बिगत ३ वर्ष देखि संस्थाको ऋण नलिएको ।<br>✓ संस्थाको शेयर सदस्य व्यवसायिक कृषक हो भनि पालिकास्तरको कृषि तथा पशुपन्छी विकास शाखाले सिफारिस गरेको । |

सहकारी सस्था मार्फत कृषि ऋणको ब्याज अनुदान कार्यक्रममा सहभागीताको लागि सूचिकृत हुने तथा कार्यक्रम माग सम्वन्धी अनुसूचि-२३ अनुसारको निवेदन र कृषि व्यवसाय गर्ने अनुसूची अनुसारको प्रतिबद्धता आवश्यक

<u>कागजपत्रहरु:</u>

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
(ख) संस्थाको विनियमको प्रतिलिपि।
(ग) साधारण सभाले अनुमोदन गरेको पछिल्लो बचत तथा ऋण परिचालन नीति वा निर्देशिकाको प्रतिलिपि।
(घ) ऋणमा लिने र बचतमा दिने ब्याजदर सम्बन्धमा बचत तथा ऋण परिचालन नीति वा निर्देशिकामा रहेको भन्दा पछि कुनै परिवर्तन गरिएको भए सो पछिल्लो निर्णयको प्रमाणित प्रतिलिपि ।
(ङ) पछिल्लो वार्षिक साधारण सभाको उपस्थिति र निर्णयको प्रतिलिपि ।
(च) कृषि ऋणको ब्याज अनुदान कार्यक्रममा सहभागी हुन साधारण सभाले गरेको निर्णय वा साधारण सभाबाट अनुमोदन गराउने गरी संचालक समितिबाट भएको निर्णयको प्रतिलिपि।
(छ) साधारण सभामा पेश गरेको लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन।

रामभक्त अधिकारी
कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जुम्ला

(ज) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन।

(झ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

(ञ) संस्थाको प्रकृति अनुसारको मुख्य कारोवार संचालन नगरेको भए सञ्चालन गर्ने स्पष्ट कार्ययोजना।

(ट) लेखापरीक्षण प्रतिवेदनमा भाखा नाघेको र भाखा ननाघेको ऋणको वर्गिकरण नखुलेको भए सो खुलेको स्पष्ट र प्रमाणित विवरण।

(ठ) कार्यक्षेत्र वाहिर गई वा गैरसदस्यसँग वा उद्देश्य विपरित हुनेगरी कारोवार गरेको छैन भन्ने प्रतिवद्धता पत्र।

(ड) यस अघि सरकारी वा अन्य कनै निकायबाट अनुदान वा कुनै सहुलियत प्राप्त गरेको भए प्राप्त रकम प्राप्त मितिः प्रदान गर्ने निकायको नाम र त्यस्तो अनुदानको उपयोग र प्रभाव विश्लेषणको संक्षिप्त विवरण।

(ढ) संस्था दर्ता गर्ने निकाय (भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय, कर्णाली प्रदेश सुर्खेत) मा पठाउनुपर्ने प्रगति विवरणहरु नियमित रुपमा पठाउने गरे नगरेको सो कार्यालयको सिफारिस पत्र।

(ण) संस्था कर्जा सूचना केन्द्रको कालो सूचिमा नपरेको ।

पुनश्चः अन्य कागजात तथा प्रक्रिया कृषि तथा सहकारी सम्वन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि-२०८१ र प्रचलित ऐन नियम अनुसार हुनेछ।

रामभक्त अधिकारी
कृषि अर्थ विज्ञ (सा...)
निमि. कार्यालय प्रमुख